नेपाल सरकार
गृह मन्त्रालय

प्रजिअ फोन : ०४७-५२०५३३
सप्रजिअ फोन : ५२०२५६
कार्यालय : ५२०६१०
फ्याक्स : ५२०१३३

# जिल्ला प्रशासन कार्यालय
## सिन्धुली

प.सं.: ०८२।०८३
च.नं.: १६८

## उच्च सतर्कता र पूर्वतयारीका लागि अनुरोध ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको मिति २०८२।०७।११ गते प्रकाशित उच्च सर्तकताका लागि अनुरोध गरिएको सूचना बमोजिम यहि **कार्तिक १३ गते देखि १५ गते**सम्म यस जिल्लामा भारी वर्षाको सम्भावना रहेको जनाएको छ । यस जिल्ला बाढी पहिरोको उच्च जोखिममा रहेको देखिएकोले देहाय अनुसार गर्ने गराउन सम्बन्धित कार्यालयहरु, संस्थाहरु एवं जिल्लावासी सबैमा अनुरोध गर्दछौं ।

१. बर्षात र बाढि पहिरोबाट सवारी साधन र यात्रुहरुलाइ हुन सक्ने जोखिम हुन नदिनको लागि भारी वर्षाको अवस्थामा सुरक्षा निकायले जुनसुकै स्थानमा सुरक्षित रहने गरी सवारी साधन रोक्न सक्नेछ । विशेष गरी वि.पि.राजमार्ग र मध्यपहाडी राजमार्गमा सवारी साधन सञ्चालन गर्दा बर्षा भइरहेको अवस्था र रातको समयमा सवारी साधन नचलाउने ।

२. **माथि उल्लेख भएको अवधिमा अत्यन्त जरुरी नभईकन बाहिर नजाने, विशेषगरी टाढा र रातको समयमा यात्रा नगर्ने ।**

३. बाढी पहिरोको जोखिममा रहेका तथा नदी किनारका बस्तीहरुमा उच्च सतर्कता अपनाउने । विशेष गरी स्थानीयतहहरुले स्वीकृत मनसुन तथा विपद व्यवस्थापन कार्य योजना अनुरुप आवश्यक पूर्वतयारी र प्रतिकार्य गर्ने गराउने ।

४. डुबान हुन सक्ने स्थान र बस्तीहरुको जानकारी लिइ पहिचान भएका सुरक्षित क्षेत्र (अस्थायी)मा आवश्यक पर्दा स्थानीय तहद्धारा यसअघि निर्धारित सुरक्षित स्थानमा जाने ।

५. जिल्लास्थित सुरक्षा निकायहरु, स्थानीय तहहरु, लगायत सरोकारवाला सबै निकाय स्वीकृत कार्य योजना अनुरुप तयारी अवस्थामा रहने ।

६. वि.पि., मदन भण्डारी र मध्यपहाडी राजमार्गहरुसँग सम्बन्धित निकाय (**डिभिजन सडक कार्यालय, खाल्टे, सुनकोशी, मध्यपहाडी सडक आयोजना कार्यालय, रामेछाप र यान्त्रिक डिभिजन कार्यालय**)ले सडकहरुमा तुरुन्त परिचालन हुने गरी आवश्यक मेशिनरी तथा साधनहरु तयारी अवस्थामा राख्ने ।विपद जोखिम पहिचान भएको स्थानमा आवश्यक मेशिनरी सहित श्रोतसाधनको व्यवस्थापन गर्ने ।

७. माथि उल्लेख भएको अवधिमा धान तथा अन्य बाली नकाट्ने, काटेको भए तत्काल भित्र्याउने ।

मितिः २०८२।०७।१२

०८२।०७।१२

अनुज भण्डारी
सहायक प्रमुख जिल्ला अधिकारी

Web: daosindhuli.moha.gov.np Email: cdosindhuli@gmail.com